सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विनोद शर्मा
माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल

आदेश

रिट नं. ०७६-WO-०२१५

मुद्दा उत्प्रेषणसमेत।

बज्रलाल काफ्लेको नाति, भानुभक्त काफ्लेको छोरा, उदयपुर जिल्ला, साविक देउरी गा.वि.स., वडा नं.१ हाल कायम त्रियुगा नगरपालिका, वडा नं.६ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सूर्यविनायक नगरपालिका, वडा नं.५ बस्ने कृष्णकुमार काफ्ले ------------------------------------------------------१

सूर्य ढकालकी छोरी, भानुभक्त काफ्लेको बुहारी धुरवकुमार काफ्लेको पत्नि, धनुषा जिल्ला, साविक बटेश्वर गा.वि.स., वडा नं.१ हाल कायम बटेश्वर गाउँपालिका, वडा नं.१ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका, वडा नं.१ बस्ने सरिताकुमारी ढकाल ------------------------१

बिरबहादुर राईको छोरा, मोरङ्ग जिल्ला, साविक बेलवारी गा.वि.स., वडा नं. ९ को हाल कायम बेलवारी नगरपालिका, वडा नं.४ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका, वडा नं.५ बस्ने एकराज राई --१

आसबहादुर प्रजापतीको छोरी, राजेन्द्रप्रसाद प्रजापतीको पत्नि भक्तपुर जिल्ला, भक्तपुर न.पा., वडा नं. १२ बस्ने कृष्णा प्रजापती ------------------------१

रुद्रप्रसाद प्रजापतीको छोरा, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं.१२ बस्ने राजेन्द्रप्रसाद प्रजापती -------------------------------------------------------१

बद्रीबहादुर कुंवरको नाती, भुवनबहादुर कुंवरको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, साविक चौवास गा.वि.स., वडा नं. ०९ को हाल कायम भुम्लु गाउँपालिका, वडा नं. ०४ स्थायी ठेगाना हुने चित्रबहादुर कुंवर ---------------------------१

निवेदक

रामदेवकुमार चितलागिवाको छोरी, सुनिलकुमार सारडाको पत्नि, जिल्ला मोरङ्ग, विराटनगर महानगरपालिका, वडा नं.१३ स्थायी ठेगाना हुने गिरीजा सारडा -१
श्यामसुन्दर सारडाको छोरा, मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं.२ स्थायी ठेगाना हुने मधुसुदन सारडा ----------------------------------------------------१
महेशकुमार सारडाको छोरा, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा., वडा नं. ११ बस्ने मयंक सारडा ----------------------------------------------------------------१
नन्दकिशोर सारडाको छोरा, जिल्ला सिरहा, लहान नगरपालिका, वडा नं. ६ स्थायी ठेगाना हुने सुनिलकुमार सारडा ------------------------------------------१
नन्दकिसोर सारडाको छोरा, जिल्ला मोरङ्ग, विराटनगर महानगरपालिका, वडा नं. ०८ स्थायी ठेगाना हुने अनिल सारडा ------------------------------------------१

विरूद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ---१
नेपाल सरकार, शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं -------------------१
नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं -----१
काठमाडौं उपत्यका विकास प्राधिकरण, काठमाडौं ------------------------------१ विपक्षी
अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समिति, काठमाडौं ------१
भक्तपुर जिल्ला, सूर्यविनायक नगरपालिका, कटुञ्जे ------------------------१
भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका, ठिमी ---------------------------१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ (२) र (३) बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको भई पेश हुन आएको प्रस्तुत रिट निवेदनसमेतको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार छः-

तथ्य खण्ड

१. हामी निवेदकहरु मध्येका निवेदक कृष्णकुमार काफ्लेले पैतृक सम्पत्ती बिक्री गरी खरिद गरेको भक्तपुर जिल्ला, साविक कटुञ्जे गा.वि.स., वडा नं. १ हाल सूर्यविनायक नगरपालिका, वडा नं. ५ स्थित सिट नं.१ को कित्ता नं. ३८५५ मा रहेका ०-३-०-० क्षेत्रफल जग्गा वि.सं. २०६१/०३/१७ गते राजिनामा पारीत गरी आफ्नो स्वामित्वमा लिई सो जग्गामा आफ्नो बलबुता, शिप र श्रमले आर्जन गरेको कमाई सहित ऋण तथा सरसापटीको कमाई र ऋणबाट भवन निर्माण गरी भोगचलन गरी आएको छु। भवन निर्माण पूर्व सो जग्गामा

नियमानुसार बाटोको केन्द्र रेखाबाट कम्तिमा छाड्नु पर्ने दुरी ११ फिट ६ इन्च र हनुमन्ते खोलाको दुरी २२ मिटर छाडी सूर्यविनायक नगरपालिकाको कार्यालयबाट कानून बमोजिम नक्शा पास गराई मिति २०७४/१२/१२ गते स्वीकृत नक्सा बमोजिम प्लिन्थ लेभल (डि.पि.सी.सम्मको निर्माण कार्य सम्पन्न गरी) मिति २०७५/०१/२० गते भवन निर्माणको इजाजत लिई नगरपालिकाले तोकेको शर्त तथा कार्यविधि पुरा गरी सो जग्गामा आफ्नो आवास प्रयोजनका लागि भवन निर्माण गरी सकी र म स-परिवार सहित आफ्नो सो घर भवनमा बसोबास गरी रहेको र सो भवन निर्माण पश्चात आजका मितिसम्म भवन निर्माण सम्पन्नको प्रमाणपत्रसमेत लिई सकेको अवस्था छ। यसरी भवन निर्माण सम्बन्धी सम्पूर्ण कार्यविधि तथा मापदण्ड पुरा गरी मेरो भवन निर्माण भई सके पश्चात भवन निर्माण सम्पन्नको प्रमाणपत्रसमेत लिई सकेको अवस्थामा हामी निवेदकहरु सरिताकुमारी ढकालको नाम तथा स्वामित्वमा भक्तपुर जिल्ला, साविक कटुञ्जे गा.वि.स., वडा नं. १ (ख) को हाल कायम सूर्यविनायक नगरपालिका, वडा नं.०५ स्थित रहेको सिट नं. ३ को कित्ता नं. ८५६ मा रहेको ०-३-०-० क्षेत्रफल भएको जग्गा, कृष्णा प्रजापतीको नाम तथा स्वामित्वमा भक्तपुर जिल्ला, साविक कटुञ्जे गा.वि.स., वडा नं. २ (ख) को हाल कायम सूर्यविनायक नगरपालिका, वडा नं.०५ स्थित रहेको कित्ता नं. १०७५ मा रहेको ०-११-०-० क्षेत्रफल भएको जग्गा, राजेन्द्रप्रसाद प्रजापतीको नाम तथा स्वामित्वमा भक्तपुर जिल्ला, साविक निल बाराही गा.वि.स., वडा नं. ९ (घ) को हाल कायम मध्यपुर ठिमी नगरपालिका, वडा नं. ०९ स्थित रहेको कित्ता नं.१२४ मा रहेको ०-१५-०-० क्षेत्रफल भएको जग्गा, चित्रबहादुर कुंवरको नाम तथा स्वामित्वमा भक्तपुर जिल्ला, साविक कटुञ्जे गा.वि.स., वडा नं. १ को हाल कायम सूर्यविनायक नगरपालिका, वडा नं.०५ स्थित रहेको सिट नं. १ (ख) को कित्ता नं. ३८४८ मा रहेको ०-३-०-० क्षेत्रफल भएको जग्गा, मयंक सारडाको नाम तथा स्वामित्वमा भक्तपुर जिल्ला, साविक कटुञ्जे गा.वि.स., वडा नं. ९ (घ) को हाल कायम सूर्यविनायक नगरपालिका, वडा नं.०५ स्थित रहेको सिट नं. ९ को कित्ता नं. २२२ मा रहेको ०-४-०-० क्षेत्रफल, कित्ता नं. २२३ मा रहेको ०-४-०-० क्षेत्रफल भएको जग्गा, कित्ता नं.८७१ मा रहेको ०-१०-०-० क्षेत्रफल, र कित्ता नं. २२४ मा रहेको ०-८-०-० क्षेत्रफल गरी कुल १-१०-०-० क्षेत्रफल भएको जग्गा, मधुसुदन सारडाको नाम तथा स्वामित्वमा भक्तपुर जिल्ला, साविक कटुञ्जे गा.वि.स., वडा नं. ९ को

हाल कायम सूर्यविनायक नगरपालिका, वडा नं. ०५ स्थित रहेको सिट नं. ९ (घ) को कित्ता नं. ८७३ मा रहेको १-३-०-० क्षेत्रफल भएको जग्गा, गिरीजा सारडाको नाम तथा स्वामित्वमा भक्तपुर जिल्ला, साविक कटुञ्जे गा.वि.स., वडा नं. ९ को हाल कायम सूर्यविनायक नगरपालिका, वडा नं.०५ स्थित रहेको सिट नं. ९ (घ) को कित्ता नं. १०७ मा रहेको ०-९-३-० क्षेत्रफल भएको जग्गा, सुनिलकुमार सारदाको नाम तथा स्वामित्वमा भक्तपुर जिल्ला, साविक कटुञ्जे गा.वि.स., वडा नं. ९ को हाल कायम सूर्यविनायक नगरपालिका, वडा नं. ०५ स्थित रहेको सिट नं. ९(घ) को कित्ता नं. १०८ मा रहेको ०-११-०-० क्षेत्रफल, कित्ता नं. १२९ मा रहेको ०-६-०-० क्षेत्रफल, कित्ता नं. १३० मा रहेको ०-९-०-० क्षेत्रफल गरी कुल १-१०-०-० क्षेत्रफल भएको जग्गाहरु, अनिल सारडाको नाम तथा स्वामित्वमा भक्तपुर जिल्ला, साविक निलबराही बोडे गा.वि.स., वडा नं. ९ को हाल कायम मध्यपुर ठिमी नगरपालिका, वडा नं. ०९ स्थित रहेको सिट नं. ९ (घ) को कित्ता नं. ८७२ मा रहेको १-८-०-० क्षेत्रफलका जग्गाहरुमा प्रत्यर्थी नं. १, २, ३, ४, ५, ६ र ७ का तर्फबाट विभिन्न समयमा विभिन्न मानिसहरु आई घर र जग्गा गैह्रकानूनी तथा अनधिकृत रुपमा हडप्ने तथा अतिक्रमण गर्ने कार्य नेपालको संविधानको धारा १६, १७, १८, २५ र ३७, जग्गा प्राप्ति ऐन, २०३४, नगर विकास ऐन, २०४५ को दफा १६, सार्वजनिक सडक ऐन, २०३१ तथा काठमाडौं उपत्यका प्राधिकरण ऐन, २०४५ द्धारा प्रदत्त हकको प्रचलनमा गम्भिर आघात पर्ने प्रबल आशंका र सम्भावना उत्पन्न भएको संविधान तथा कानून द्धारा निर्दिष्ट गरिएका विधि, प्रकृया र क्षेत्राधिकार भित्र रही कानून बमोजिम बाटो तथा खोलाको अध्ययन अनुसन्धान गरी जग्गासमेतको क्षेत्रफल र मूल्य निर्धारण गरी सो जग्गाहरुको मुआब्जा र क्षतिपूर्तिको विषय टुङ्गो लगाई संवैधानिक र कानूनी रूपमा मुआब्जाको व्यवस्था नगरेसम्म घर र जग्गाहरु नभत्काउनु, अतिक्रमण नगर्नु, क्षति नपुर्याउनु, जवर्जस्ती प्रवेश नगर्नु नगराउनु भनी नेपालको संविधानको धारा १६, १७, १८, २५ र ३७, ४६ र १३३ (२) र (३) र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२समेतका आधारमा उत्प्रेषणयुक्त परमादेश समेतको आदेश जारी गरी पाऊँ भन्नेसमेत व्यहोराको कृष्णकुमार काफ्लेसमेतको निवेदन पत्र।

२. यसमा के कसो भएको हो? निवेदकहरुको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबूद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र विपक्षी नं. १, २, ३ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत तथा विपक्षी नं. ४, ५, ६, ७ को हकमा आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत लिखितजवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नू। साथै निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा सो सम्बन्धमा दुबै पक्ष राखी छलफल गराई निष्कर्षमा पुग्नु उचित देखिएकोले अन्तरिम आदेश छलफलको निमित्त मिति २०७६।०५।३१ गतेको पेशी तोकी सोको सूचना दुबै पक्षलाई दिई नियम बमोजिम संयुक्त इजलासमा पेश गर्नू भनी यस अदालतबाट मिति २०७६।०५।२४ मा भएको आदेश।

३. प्राधिकरणबाट विपक्षीहरुको हक हितमा प्रतिकुल असर पर्ने गरी कार्य गरेको नभई हनुमन्ते खोलाले समय समयमा धार परिवर्तन गरी रहने बस्ती भित्र खोला पसी डुवानमा पारी दिने ढल जाम हुने, वर्षातको पानी समयमा निकास नहुने इत्यादी कारणले सो हनुमन्ते खोलालाई व्यवस्थित गरी सो क्षेत्रका बासिन्दाको जिउँ धनको रक्षा गर्न माग भै आएकोले काठमाण्डौ उपत्यका विकास प्राधिकरणको मिति २०७५/०९/२६ को तेइसौ बैठकबाट हनुमन्ते जग्गा एकीकरण आयोजना संचालन गर्ने आवश्यक कारबाही गर्ने निर्णय भएको हो। मध्यपुर थिमी न.पा. तथा सुर्यविनायक न.पा. सिमानामा बग्ने हनुमन्ते खोलाले वर्षायाममा बाढी डुवानको समस्या लगायतको कारणले सो समस्या समाधान गर्न उक्त क्षेत्रको अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न र अरनिको राजमार्गको ट्राफिक जामसमेत कम गर्नको लागि दुबै नगरपालिकाका क्षेत्रमा पर्ने पुर्वमा राधेराधे क्षेत्रको हनुमन्ते पुल र अरनिको राजमार्ग पश्चिम सुर्यविनायक न.पा. र ललितपुर जिल्लाको सिमानाको गोदावरी खोला मध्यपुर थिमी मनोहरा प्लानिङको सिमाना राममन्दिर र उत्तर मध्यपुर थिमी न.पा.को वडा नं. १, ३, ४, ५, र ९ तथा सुर्यविनायक न.पा., वडा नं. २, ३, ४ र ५ को हनुमन्ते खोलाको करिव ५० मिटर भित्रका क्षेत्र भित्रका जग्गा एकीकरण आयोजना संचालन गर्ने व्यवस्थापन समितिमा राख्ने भनी काठमाडौ उपत्यका विकास प्राधिकरणको

संचालक समितिबाट निर्णय भएकोले सो क्षेत्रमा आयोजना संचालन भै land pulling हुने हुँदा कोही विस्थापित नहुने र सो क्षेत्रमा जोखिम रहित व्यवस्थित बसोबास हुने भएकोले विपक्षीहरु आत्तिनु तर्सिनु पर्ने अवस्था नहुँदा विपक्षीहरुले लगाएको आरोप झुठा हो। प्राधिकरणबाट विपक्षीहरुको संवैधानिक एवम् कानूनी हकमा प्रतिकुल असर पर्ने गरी कुनै केही कार्य नगरेको हुँदा विपक्षीहरुको रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको काठमाडौं उपत्यका विकास प्राधिकरणका विकास आयुक्तसमेतको लिखित जवाफ।

४. रिट निवेदकले उल्लेख गरेको विषय सम्बन्धमा मन्त्रालयबाट कुनै निर्णय नभएको र मन्त्रालयको के कुन काम कारबाहीबाट रिट निवेदकहरुको संवैधानिक एवम् कानूनी हक अधिकार हनन् भयो भनी उल्लेख नै नगरी केवल विपक्षी बनाई रिट निवेदन दायर गरेको देखिन्छ। रिट निवेदनमा उल्लेख गरेको विषयमा निवेदकहरुको हक अधिकार हनन् हुने गरी मन्त्रालयबाट कुनै निर्णय नभएको हुँदा प्रस्तुत रिट निवेदन मन्त्रालयको हकमा खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको सहरी विकास मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ।

५. नेपालको संविधानको धारा ८२ को उपधारा (१) मा नेपाल सरकारबाट स्वीकृत नियमावली बमोजिम नेपाल सरकारको कार्य विभाजन र कार्य सम्पादन हुने संवैधानिक व्यवस्था भएकोले हनुमन्ते खोलाको बहाव क्षेत्र बढाउने, बाटो विस्तार गर्ने, ढल निर्माण तथा खोला किनारमा पर्खाल निर्माण लगायतका काम कारबाही कुन निकायले गरेको हो, सो कुरा निवेदकहरुको रिट निवेदनमा स्पष्ट रुपमा खुलाउन सक्नु भएको नदेखिंदा रिट निवेदन प्रथम दृष्टिमै खारेज भागी छ। हनुमन्ते खोलाको बहाव क्षेत्र विस्तारको लागि घर टहरा तथा भौतिक संरचना हटाउने कार्यमा कुन निकायको संलग्नता छ भन्ने तत्थ्यगत आधारसमेत उल्लेख नगरी गोलमटोल रुपमा मन्त्रालयलाईसमेत विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन औचित्यपूर्ण (Reasonableness) नदेखिंदा खारेज भागी छ। मन्त्रालयबाट सम्पादन हुने काम कारबाहीमा सबैको संवैधानिक तथा कानूनी हकको सम्मान हुने हुन्छ। रिट निवेदकले मन्त्रालयको के कस्तो काम कारबाहीको कारण निजहरुको हक अधिकार हनन् भएको भनी स्पष्ट रुपमा खुलाउन नसकेको हुँदा मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन तथ्य तथा कानूनसम्मत नहुँदा खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ।

६. हनुमन्ते करिडोर निर्माण, पर्खाल निर्माण गर्ने कार्यमा नगरपालिकाले कुनै पनि कार्य गरेको छैन। उक्त करिडोर निर्माण, पर्खाल निर्माण सम्बन्धमा नगरपालिका कार्यालयबाट कोही कसैलाई सहयोग, पत्राचारसमेत गरेको छैन। नेपाल सरकारको सहरी विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, काठमाण्डौं उपत्यका विकास प्राधिकरण तथा अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समितिले आफ्नो नीति नियमानुसार करिडोर निर्माण, पर्खाल निर्माण गरेका होलान्। सूर्यविनायक नगरपालिकाले विपक्षीहरुको घर भत्काउने, जग्गा हड्प्ने, अतिक्रमण गर्ने लगायतका कुनै पनि कार्य नगरेकोले निवेदकहरुले सूर्यविनायक नगरपालिकालाई विपक्षी बनाई निवेदन दायर गर्ने हकदैया नै छैन। यसरी हकदैया विहीन दर्ता भएको रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत सूर्यविनायक नगरपालिका कार्यालय, भक्तपुरको तर्फबाट परेको लिखित जवाफ।

७. रिट निवेदकहरुको माग नै प्रष्ट छैन। मौलिक हक हनन भए रिट क्षेत्र प्रवेश गर्ने हो। कानूनी हकका सम्बन्धमा साधारण अधिकार क्षेत्र पर्याप्त हुन्छ। रिट निवेदकले आफ्नो रिटमा कतै काम शुरु भै सकेको भन्ने कतै काम हुने गम्भिर आशंका भन्ने र कतै चिनो लगाउने, खन्ने, भत्काउने भन्ने उल्लेख भएबाट पनि वास्तविकता उल्लेख गर्न नसकी हचुवाको भरमा रिट दायर भएको देखिन्छ। हनुमन्ते कोरिडोर कै विषयमा ए. टु जेड सप्लायर्सले समितिसमेतलाई विपक्षी बनाई मिति २०७५/१२/२४ मा उच्च अदालत, पाटनमा निषेधाज्ञा (०७५-WO-०७३५) को निवेदन दायर गरी हाल सो निवेदन खारेज भै सकेको अवस्था छ। यसरी विपक्षीहरुको रिट अधिक विलम्बको कारण खारेज भागी छ। हनुमन्ते नदी वागमती नदीको सहायक नदी हो। उपत्यका भित्रका अन्य नदी नालामा जे जस्तो मापदण्ड लागू गरी विकास निर्माणको काम भएको छ। हनुमन्ते नदीमा पनि नेपाल सरकारले सोही मापदण्ड लागू गर्न सक्छ। यस्तो सरकारको नीतिगत विषयमा रिट जारी हुन सक्दैन। सर्वे नक्सामा देखाइएको नदीको किनाराबाट २० मिटर दायाँ बायाँको भाग नदीको मापदण्ड भित्र पर्ने गरी २०६८।०८।०१ मा प्रकाशित सूचनाका आधारमा सोही मापदण्ड भित्र रही समितिबाट काम अगाडि बढाइएको हो। निवेदकहरुको के कुन कित्ताको के कति क्षेत्रफल जग्गा कतातर्फ आयोजनामा पर्न गएको हो, सो केही पनि खुल्दैन। रिट क्षेत्रबाट प्रमाण बुझी जग्गाको तर्फ, क्षेत्रफल, मापदण्ड आदि निक्यौल गर्न पनि मिल्दैन। समितिले मापदण्ड बाहिर गई निवेदकहरुको जग्गा कब्जामा लिएको

वा दखल गरेको अवस्था होइन। प्रत्यर्थीको कसले विकास निर्माण गर्न लागेको हो? के कति जग्गाको मुआब्जा माग गरेको हो? कुन निर्णय उपर चुनौति गर्नु भएको हो? सो कुराहरु देखाउन नसकेको, विलम्व गरी साधारण क्षेत्राधिकार तर्फ कुनै पत्राचारसम्म नगरी सोझै असाधारण अधिकार क्षेत्र गुहारेको कारण रिट आदेश जारी हुने अवस्था नरहेकोले रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समिति, गृह्येश्वरी काठमाडौंको लिखित जवाफ।

८. हनुमन्ते खोलाबाट हुने जनधनको संरक्षण हेतु नेपाल सरकारका निकायहरुबाट सार्वजनिक हितार्थ हनुमन्ते खोलामा दुबै तर्फ पर्खाल लगाउने कार्यसम्म हुँदै आएको छ। उक्त कार्यबाट निवेदकहरुको हक हितमा कुनै प्रतिकूल असर पर्ने वा पार्न सक्ने अवस्थासमेत छैन। विवादित क्षेत्रमा हाल भई रहेको कार्यबाट निवेदकहरुको आवास तथा घर र जग्गामा अतिक्रमण भएको, हुन सक्ने स्थिति छैन भने निवेदकहरुको घर आवासमा चिनो लगाउने, खन्ने, हनुमन्ते करिडोर मिचिएको र बाटो मास्ने कार्य भएको छैन। यसरी निवेदकहरुको कुनै पनि संवैधानिक तथा कानूनी हकमा आघात पर्ने, पार्ने कुनै पनि कार्य नभएको स्थितिमा विपक्षीहरुबाट दायर भएको रिट निवेदनमा किमार्थ आदेश जारी हुन सक्दैन। नगरपालिकाबाट समन्वय गर्ने कार्यसम्म भए गरिएको हो। काठमाडौं उपत्यका विकास प्राधिकरणसमेतबाट हनुमन्ते करिडोर निर्माण कार्य शुरु भई आएको छ। हनुमन्ते करिडोर निर्माणका क्रममा विवाद भएका स्थानहरुमा मध्यपुर थिमि नगरपालिका र सूर्यविनायक नगरपालिकाबाट विवाद समाधानका लागि समन्वयकारी भूमिका निर्वाह गर्नु पर्ने हुँदा सोही भूमिका गर्दै आएको छ। हनुमन्ते करिडोरका सूर्यविनायक नगरपालिका र मध्यपुर थिमि नगरपालिकाका केही विवादित स्थानमा दुबै नगरपालिकाले एकिकृत परियोजना संचालन गर्ने समझदारीसम्म भएको हो। सो बाहेक नगरपालिकाबाट विपक्षी रिट निवेदकले निवेदनमा उल्लेख गर्नु भए जस्तो कुनै पनि कार्य नभए नगरिएको हुँदा नगरपालिकाको हकमा विपक्षीहरुको निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको मध्यपुर थिमि नगरपालिकाको तर्फबाट परेको लिखित जवाफ।

९. नेपाल सरकार, नेपालको संविधान एवम् अन्य प्रचलित कानूनले प्रत्याभूत गरेका मौलिक हक अधिकारको सम्मान, संरक्षण र परिपालना गर्न सदा कटिबद्ध छ। जग्गा प्राप्ति ऐन, २०३४ ले जग्गा अधिग्रहण गर्ने, मुआब्जा प्रदान गर्ने प्रकृया व्यवस्थित गरेको छ। जग्गा

प्राप्ति गर्ने सम्बन्धमा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिमको कानूनी प्रावधान भित्र रही सोही ऐनले तोकेका आधारमा सरकारले प्राप्त गरेका जग्गाको हकमा सम्बन्धित पक्षले क्षतिपूर्ति र मुआब्जा रकम प्राप्त गर्न सक्ने नै हुन्छ। सडकको मापदण्ड तथा नदी खोलाको मापदण्डका सम्बन्धमा सर्वोच्च अदालतबाट २०६७ सालको रिट नं ०६७-wo-१००२ को मुद्दामा वागमती र यसका सहायक नदीहरुमा बालुवा झिक्ने कार्य रोक्ने, मापदण्ड विपरीत घर टहरा बनाउन रोक्ने, त्यसै गरी मध्यपुर ठिमिसमेतका नगरहरु भित्र नदी नालाका के कती टहरा बनेका छन्? के कती गैरकानूनी भोगचलनमा छन्? सोसमेतको प्रगती तथा कार्ययोजना ६ महिना भित्र माग गर्नेसमेतको आदेश मिति २०७५।०३।०३ मा भएकोमा पुनः मिति २०७६।०४।२० मा *"... वागमती लगायतका सबै सहायक नदीहरुको हकमा वर्षातमा हुने बाढीसमेतलाई मध्यनजर गर्दै नदीको दुबै किनारामा कम्तिमा अर्को २० मिटरका दरले तटिय क्षेत्र कायम गरी सिमाङ्कन गर्ने ..."* समेतको आदेश भएको छ। यसरी प्रचलित कानून तथा अदालतको आदेशसमेतको आधारमा मापदण्ड निर्धारण भई वागमती सभ्यताको विकास र संरक्षणको लागि भए गरेका काम कारबाहीलाई अन्यथा भन्न मिल्ने हुँदैन। सडकहरुको वर्गीकरण गरी तिनीहरुको निर्माण, संभार, विस्तार वा सुधार गर्न आवश्यक पर्ने जग्गा प्राप्त गर्न र त्यसको लागि मुनासिब माफिकको मुआब्जा वितरण गर्न सार्वजनिक सडक ऐन, २०३१ जारी भएको छ। उक्त ऐनको दफा १४ मा सडक निर्माण, विस्तार वा सुधार गर्दा जग्गा अधिग्रहण गर्न सकिने सम्बन्धी व्यवस्था र दफा १५ मा अधिग्रहण गरिने जग्गाको क्षतिपूर्ति र त्यसको निर्धारणको सम्बन्धमा व्यवस्था गरिएको छ। सार्वजनिक सडक ऐन तथा जग्गा प्राप्ति ऐन अन्तर्गतको विवादको विषयमा सोही ऐनमा नै उपचारको व्यवस्था रहेको हुँदा वैकल्पिक उपचारको पर्याप्ततामा असाधारण क्षेत्राधिकार अन्तर्गतको रिट क्षेत्राधिकारबाट उपचार माग गर्न मिल्ने देखिदैन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ट) मा स्थानीय, ग्रामीण तथा कृषि सडक र सिंचाई सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार र नियमन सम्बन्धी कार्य गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत रहेको देखिन्छ। नगरपालिकाले प्रचलित कानून बमोजिमको प्रकृया पुरा गरी सबैलाई जानकारी गराई सडकको विस्तार तथा स्तरउन्नति गरेको तथा सरकारी, सार्वजनिक, सामुदायिक जग्गाको

संरक्षणको लागि कानून बमोजिम गरेको कार्यलाई अन्यथा भन्नु पर्ने देखिंदैन। त्यस्तै निवेदकहरुको निवेदनबाट नै अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिबाट मापदण्ड बनाई नदी खोलाको संरक्षण तथा वातावरण संरक्षण गर्नेसमेतका कार्य भएको भन्ने उल्लेख भएको देखिन्छ। यहाँ कार्यालयको के-कस्तो काम कारबाहीबाट रिट निवेदकलाई मर्का पर्न गएको हो भन्ने विषयमा रिट निवेदनमा कुनै वस्तुनिष्ठ आधार र कारण नदेखाई प्रमाण बिना कार्यालयलाईसमेत विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ।

## आदेश-खण्ड

१०. नियम बमोजिम दैनिक पेशी सुचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल संलग्न कागजातहरुको अध्ययन गरियो।

११. रिट निवेदकहरुको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री राजनप्रसाद पौड्याल, श्री नवराज सुवेदी, श्री हेमराज पोखरेल (उपाध्याय) र श्री लोचन भट्टराईले रिट निवेदकहरुको निवेदनमा उल्लिखित घर र जग्गा विपक्षीहरुले गैहकानूनी तथा अनधिकृत रुपमा हडप्ने र अतिक्रमण गरी निजहरुको साम्पत्तिक हक अधिकारमा असर, हानी र नोक्सानी पार्ने कार्य हुन लागेको छ। जुन कार्यबाट निवेदकहरुलाई प्राप्त नेपालको संविधानको धारा १६, १७, १८, २५ र ३७, जग्गा प्राप्ति ऐन, २०३४, नगर विकास ऐन, २०४५ को दफा १६, सार्वजनिक सडक ऐन, २०३१ र काठमाडौं उपत्यका प्राधिकरण ऐन, २०४५ समेतका हक अधिकार कुण्ठित भई संविधान र कानून प्रदत्त हक अधिकारको उपर गम्भिर आघात पर्ने प्रबल आशंका र सम्भावना उत्पन्न भएको छ। यसरी निवेदकहरुको घर र जग्गासमेतको क्षेत्रफल र मूल्य निर्धारण गरी मुआब्जा र क्षतिपूर्ति एकिन नगरी घर र जग्गाहरु नभत्काउनु, अतिक्रमण नगर्नु, क्षति नपुर्याउनु, जवर्जस्ती प्रवेश नगर्नु नगराउनु भनी उत्प्रेषणयुक्त परमादेश समेतको आदेश जारी गरी पाऊँ भनी गर्नु भएको बहस जिकिरसमेत सुनियो।

१२. विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री दिपेशप्रताप साहले रिट निवेदकहरुको माग दाबी झुठ्ठा हो। जग्गा प्राप्ति ऐन, २०३४ बमोजिमको क्षतिपूर्ति र मुआब्जा रकम प्रदान गरेर मात्र जग्गा प्राप्त गरिन्छ। वृहत्तर सार्वजनिक

हितका लागि सडक र नदी खोलाहरुको मापदण्ड बमोजिम विकास र विस्तारका काम कारबाहीहरु हुने गर्छन। सार्वजनिक सडक ऐन, २०३१ ले सडक निर्माण, विस्तार वा सुधार गर्दा जग्गा अधिग्रहण गर्न सकिने र अधिग्रहण गरिने जग्गाको क्षतिपूर्ति निर्धारण गरिने समेतको व्यवस्था रहे भएको हुँदा झुठ्ठा रिट निवेदन खारेज गरी पाऊँ भनी गर्नु भएको बहस जिकिरसमेत सुनियो।

१३. विपक्षी अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समितिको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री ठाकुररमण आचार्य तथा विद्वान अधिवक्ता डा. श्री गोकुलप्रसाद वुर्लाकोटीले रिट निवेदकहरुको माग दाबी कानून र मापदण्ड विपरीत छ। उपत्यका भित्रका नदी नालाहरुमा मापदण्ड बमोजिम नै विकास निर्माणका काम भई रहेका छन। हनुमन्ते नदीमासमेत विकास निर्माण नेपाल सरकारको सोही मापदण्ड बमोजिम हुने हो। सरकारको नीतिगत विषयमा रिट निवेदनको माग बमोजिम आदेश जारी हुने होइन। हनुमन्ते नदीमा सर्वे नक्सामा उल्लेख भए बमोजिम मिति २०६८।०८।०१ को सूचना अनुरुप नदीको किनाराबाट २० मिटर दायाँ बायाँ मापदण्ड भित्र रही समितिबाट विकास निर्माणको काम हुने हो। सूचना र निर्णय बमोजिम काम कारबाही सुरु नभएको र क्षतिको एकिन नगरी गोलमटोल रुपमा दिएको रिट निवेदन खारेज गरी पाऊँ भनी गर्नु भएको बहस जिकिरसमेत सुनियो।

१४. विपक्षी काठमाडौं उपत्यका विकास प्राधिकरणको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री नारायणप्रसाद देवकोटा तथा विद्वान अधिवक्ता श्री चन्द्रप्रसाद पोखरेलले प्राधिकरणको संचालक समितिबाट निर्माण हुने आयोजनामा Land Pulling बाट कोही विस्थापित हुन नपर्ने हुन्छ। ती आयोजनाहरुमा जोखिम रहित व्यवस्थित बसोबास हुने हुँदा विपक्षी रिट निवेदकहरुको संवैधानिक एवम् कानूनी हकमा प्रतिकुल असर पार्ने कार्य नभएको नगरेको हुँदा रिट निवेदन खारेज गरी पाऊँ भनी गर्नु भएको बहस जिकिरसमेत सुनियो।

१५. उपर्युक्त बमोजिमको तथ्य रहेको प्रस्तुत निवेदनको माग दाबी बमोजिम उत्प्रेषणयुक्त परमादेश समेतको आदेश जारी गरी पाऊँ भनी परेको रिट निवेदनको माग बमोजिमको उत्प्रेषणयुक्त परमादेश समेतको आदेश जारी हुने हो, होइन? भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो।

१६. निर्णयतर्फ विचार गर्दा, नेपालको संविधानको धारा १६, १७, १८, २५ र ३७ द्वारा प्रदत्त मौलिक अधिकार एवम् जग्गा प्राप्ति ऐन, २०३४, नगर विकास ऐन, २०४५ को दफा १६, सार्वजनिक सडक ऐन, २०३१ र काठमाडौं उपत्यका प्राधिकरण ऐन, २०४५ समेतको प्रक्रिया पुरा नगरी निवेदकहरुको साम्पत्तिक अधिकारमा गम्भिर आघात पर्ने प्रबल आशंका र सम्भावना उत्पन्न भएकोले आफ्नो घर र जग्गासमेतको क्षेत्रफल र मूल्य निर्धारण गरी क्षतिपूर्ति एकिन नगरी घर र जग्गाहरु नभत्काउनु, अतिक्रमण नगर्नु, क्षति नपुर्याउनु, जवर्जस्ती प्रवेश नगर्नु नगराउनु भनी उत्प्रेषणयुक्त परमादेश समेतको आदेश जारी गरी पाऊँ भनी रिट निवेदन परेको देखिन्छ।

१७. रिट निवेदकहरुको माग दाबीसँग सम्बन्धित विषयमा उपत्यका भित्रका सडक र नदीमा निश्चित मापदण्ड लागू रहेको अवस्थामा निवेदकहरुको माग दाबीहरु उक्त मापदण्ड विपरीत रहेका छन्। विकास निर्माणको काममा हनुमन्ते नदीमासमेत नेपाल सरकारको सोही मापदण्ड लागू हुने हो। उक्त मापदण्डमा सर्वे नक्सामा रहेको नदीको किनाराबाट २० मिटर दायाँ बायाँको भाग नदीको मापदण्ड भित्र पर्ने गरी मिति २०६८।०८।०१ मा प्रकाशित सूचनाका आधारमा विकास निर्माणको कार्य हुने भनिएतापनि हालसम्म उक्त सूचना बमोजिम कार्यान्वयन भएको अवस्था छैन। निजहरुले दाबीको जग्गाको कि.नं., क्षेत्रफल र भएको वा हुने क्षतीसमेत एकिन नगरी गोश्वारा र गोलमटोल रुपमा दायर भएको रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको एकै मिलानको छुट्टाछुट्टै लिखित जवाफ विपक्षीहरुबाट परेको देखिन्छ।

१८. वृहत्तर सार्वजनिक हित कायम राख्नको लागि सरकारी संयन्त्रबाट गरिने विकास निर्माणका कार्यहरु अन्तर्गत सबै किसिमको सडक संरचना विस्तार र नदी खोलानालाहरुको तटवन्ध र संरक्षण गर्ने अनिवार्य दायित्त्व सरकारको नै पर्ने देखिन्छ। जुन विकास निर्माणको कार्य गर्दा संविधान, ऐन, कानून र मापदण्डको आधारमा गर्नु पर्ने देखिन्छ। यसरी वृहत्तर सार्वजनिक हितका लागि सरकारी संयन्त्रबाट हुने विकास निर्माणका कार्यबाट व्यक्ति विशेषको घर र जग्गा समेतको अतिक्रमण, हानी नोक्सानी र क्षती हुने भएमा जग्गा प्राप्ति ऐन, २०३४ को कानूनी प्रावधान बमोजिम जग्गा अधिग्रहण गर्ने र हानी नोक्सानी हुने व्यक्तिलाई मनासिव मुआब्जा क्षतिपूर्ति प्रदान गर्ने कुराको सुनिश्चितता रहे भएको देखिन्छ। सार्वजनिक हितका लागि जग्गा प्राप्ति गर्ने प्रयोजनार्थ जग्गा प्राप्ति ऐन, २०३४

बमोजिमको कानूनी प्रावधानको परिपालना अपरिहार्य रहेको देखिन्छ। यसैगरी सार्वजनिक सडक ऐन, २०३१ को दफा १४ मा "सडक निर्माण, विस्तार वा सुधार गर्दा जग्गा अधिग्रहण गर्न सकिने" कानूनी व्यवस्था रहेको र ऐ. को दफा १५ मा "अधिग्रहण गरिने जग्गाको क्षतिपूर्ति निर्धारण र क्षतिपूर्ति प्रदान गरिने" सम्बन्धमा सुनिश्चितता गरेको देखिन्छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ट) मा "स्थानीय, ग्रामीण तथा कृषि सडक र सिंचाई सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार र नियमन सम्बन्धी कार्य गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार हुने" कानूनी व्यवस्था लागू रहेको देखिन्छ।

१९. अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समितिबाट सर्वे नक्सामा रहेको नदीको किनाराबाट २० मिटर दायाँ बायाँको भाग नदीको मापदण्ड भित्र पर्ने गरी मिति २०६८।०८।०१ मा सूचना प्रकाशित भएको र उक्त सूचना बमोजिम सर्वे नक्साको नदीको किनाराबाट २० मिटर दायाँ बायाँ बाहिर हुने गरी कोही कसैको नाम दर्ता स्रेस्ताको निजी स्वामित्त्वको घर जग्गा परी हानी, नोक्सानि र क्षती भएको अवस्थामा प्रचलित कानून बमोजिम मनासिव मुआव्जा वा क्षतीपूर्ति नपाउने भन्ने अवस्थासमेत रहदैन।

२०. काठमाडौं उपत्यका विकास प्राधिकरणको मिति २०७५।०९।२६ को बैठकबाट भएको निर्णय बमोजिम सोही प्राधिकरणको संचालक समिति अन्तर्गत निर्माण गरिने Land Pulling आयोजनाबाट कोही कसैलाई विस्थापित हुनु नपर्ने र उल्लिखित बैठकको निर्णयसमेत हाल कार्यान्वयनमा आई नसकेको भनी विभिन्न निकायहरुबाट लिखित जवाफ परेबाट निवेदकहरुको संवैधानिक एवम् कानूनी हक अधिकारमा तत्काल असर परेको देखिदैन। त्यसैगरी अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समितिको मिति २०६८।०८।०१ को प्रकाशित सूचना र काठमाडौं उपत्यका विकास प्राधिकरणको मिति २०७५।०९।२६ को बैठकको निर्णय बमोजिमको कामकारबाही कार्यान्वयन भई नसकेको देखिएबाट निवेदकहरुको माग दाबी बमोजिमको संवैधानिक एवम् कानूनी हक अधिकारमा तत्काल प्रतिकूल असर परेको अवस्था विद्यमान नदेखिएकोले उत्प्रेषणको आदेशद्वारा उक्त सूचना र निर्णयसमेत बदर गरिरहनु पर्ने अवस्थाको विद्यमानता देखिदैन।

२१. वृहत्तर सार्वजनिक हकहित र प्रयोजनका लागि सरकारले व्यक्ति विशेषको घरजग्गा अधिग्रहण गर्दा प्रचलित कानूनहरुको परिपालना गर्नु पर्ने नै हुन्छ। कानूनहरुको परिपालना सरकार र प्रत्येक व्यक्ति विशेष सबैको लागि अनिवार्य हुने कुरामा दुई मत रहदैन। तसर्थ, निवेदकहरुसमेतको घरजग्गा सार्वजनिक हकहितका लागि अधिग्रहण गर्नु परेमा हाल प्रचलित सार्वजनिक सडक ऐन, २०३१, जग्गा प्राप्ति ऐन, २०३४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र मापदण्ड समेतका कानून बमोजिम मनासिव मुआव्जा र क्षतिपूर्ति प्रदान हुने नै भएकाले सो तर्फ तत्काल बोलिरहन पर्ने अवस्था छैन।

२२. प्रस्तुत रिट निवेदनको तथ्यसँग मिल्ने रिट निवेदनमा यस अदालतबाट प्रतिपादन भएका सिद्धान्तहरु मध्ये निवेदक कृष्णप्रसाद उपाध्यायसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय, सिंहदरबार, काठमाडौंसमेत भएको उत्प्रेषण मुद्दा (ने. का. प. २०७६ अंक १० नि.नं. १०३७८) मा *"वागमती नदीलगायतका सबै नदीनालाहरूको किनाराका अनधिकृत रूपमा मापदण्डविपरीत अतिक्रमित सरकारी सार्वजनिक जग्गालाई उचित संरक्षण र व्यवस्थापन नगर्ने हो भने सार्वजनिक जग्गाहरू अतिक्रमण गरी बसोवास गर्ने कार्यले परापूर्वकालदेखि चली आएको धार्मिक र सांस्कृतिक धरोहरका सम्पदाहरू क्रमशः लोप हुँदै जाने खतरा रहनुका साथै ..."* भनी र निवेदक विनोदकुमार प्रसाईसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत भएको उत्प्रेषण मुद्दा (ने. का. प. २०७९ अंक १० नि.नं. १०९५३) मा *"... मापदण्डभित्र सडकको सीमा नमिची बनाइएका घर टहराहरूको हकमासम्म जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम उचित मुआब्जा वा क्षतिपूर्ति पाउने। तोकिएको मापदण्ड मिचेर बनाइएका घर टहराको हकमा पनि मुआब्जा वा क्षतिपूर्ति माग गर्न पाउने अर्थ गर्नु जग्गा प्राप्ति ऐन, २०३४ को कानूनी व्यवस्था विपरीत हुने।"* भनी विवेचना र व्याख्यासमेत भएको देखिन्छ।

२३. रिट निवेदकहरुको निवेदन व्यहोरामा आफुहरुको घर र जग्गा के कति अतिक्रमण भएको, के कति हानी नोक्सानी र क्षति भएको भनी जग्गाको कि.नं., क्षेत्रफल, यो यस्तो प्रकारको घर, यो यति जग्गामा यो यति हानी नोक्सानी र क्षतीसमेत पुगेको भनी एकिन नगरी क्षती पुग्ने सम्भावना रहे भएको भनी आशंका गरी गोश्वारा र गोलमटोल रुपमा व्यहोरा उल्लेख गरी समयपूर्व रिट निवेदन (Pre-mature Writ) दिनु मात्र माग दाबीको

प्रयाप्त आधार हुन सक्दैन। रिट निवेदकहरुको निवेदन व्यहोरामा आफुहरुको घर र जग्गा के कुन निकायको, के कुन काम कारबाहीले, निवेदकहरुको के कुन हक अधिकार, के कसरी आघात परेको हो, सो कुरा स्पष्ट रुपमा नखुलाई आशंकामा गोलमटोल र गोश्वारा रुपमा व्यहोरा लेखाई दिएको निवेदन दाबीबाट उपचार प्राप्त हुन सक्ने अवस्था देखिँदैन।

२४. तसर्थ, उल्लिखित विवेचित तथ्य, आधार, कारण, प्रमाण, कानूनी प्रावधान र प्रतिपादित सिद्धान्तहरुसमेतबाट यी रिट निवेदकहरुले निवेदनमा घर र जग्गाको कि.नं., क्षेत्रफल र निज निवेदकहरुलाई पुगेको असर, हानी नोक्सानी र क्षतीसमेत एकिन रुपमा नखुलाई क्षती पुग्ने सम्भावना रहेको भनी आशंका लिई गोलमटोल र गोश्वारा व्यहोरा उल्लेख गरी समयपूर्व रिट निवेदन (Pre-mature Writ) गरेको देखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। सरोकारवालाले प्रतिलिपि माग गरे नियमानुसार दिनू। प्रस्तुत आदेशको प्रतिलिपि सहित आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरूलाई दिई प्रस्तुत आदेशको विद्युतीय प्रति यस अदालतको विद्युतीय मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी सोको निस्सा आदेशको पीठमा जनाई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

बालकृष्ण ढकाल
न्यायाधीश

उक्त रायमा म सहमत छु।

विनोद शर्मा
न्यायाधीश

इजलास अधिकृत (उपसचिव):- मोहनप्रसाद बेल्बासे
कम्प्युटर अपरेटरः राधिका घोरासाइने
इति संवत् २०८२ साल जेष्ठ २१ गते रोज ४ शुभम् ------------------------------।